आन्तरिक मामिला तथा कानून मन्त्रालय

# आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन

आन्तरिक मामिला तथा कानून मन्त्रालय
कर्णाली प्रदेश सुर्खेत

परिच्छेद – एक ........ १
परिचय ........ १
१.१ मन्त्रालयको पृष्ठभुमि ........ १
१.२ दृष्टिकोण ........ १
१.३ लक्ष्य ........ १
१.४ कार्यजिम्मेवारी ........ १
१.५ संगठन संरचना र दरबन्दी तेरिजः ........ ४
१.५.१ संगठन संरचना ........ ४
१.५.२ दरबन्दी तेरिज र पदपूर्ति ........ ५
१.६ मन्त्रालयसँग प्रत्यक्ष सम्बन्ध ऐन/कानूनहरु/निर्देशिका/कार्यविधि/मापदण्ड ........ ६
कार्यविधि/मापदण्ड/ निर्देशिका ........ ६
१.७ मन्त्रालयका सचिव तथा अन्य कर्मचारी तथा शाखा महाशाखाको कार्यजिम्मेवारी ........ ७
परिच्छेद -२ ........ १२
नीति कार्यक्रम तथा बजेट वक्तव्य कार्यान्वयनको अवस्था ........ १२
२.१ नीति तथा कार्यक्रममा समावेश बुँदाहरुको कार्यान्वयन अवस्था ........ १२
२.२ बजेटवक्तव्यमा समावेश बुँदाहरुको कार्यान्वयन अवस्था ........ १५
परिच्छेद – तीन ........ २०
समष्टिगत आय र व्ययको विवरण ........ २०
३.१ समिष्टिगत आय (राजस्व संकलन) ........ २०
३.२ मन्त्रालयको तुलनात्मक व्यय विवरणः ........ २१
३.३ महाशाखा/शाखाबाट सम्पादन भएका महत्वपूण कार्यहरु ........ २१
परिच्छेद–चार ........ २४
बजेट कार्यान्वयनमा भएका समस्या र समाधानका उपायहरु ........ २४
४.१ समस्याहरु ........ २४
४.२ समाधानका उपायहरु ........ २५
अनुसुची-१ आ.व. २०८०/०८१ को क्रियाकलापगत खर्च विवरण ........ २६
अनुसुची– २ आर्थिक वर्ष २०८१/०८२ को बजेट ........ ३१
अनुसुची – ३ आयोजना तथा कार्यक्रमको तस्वीरहरु ........ ३५

# परिच्छेद - एक
# परिचय

## १.१ मन्त्रालयको पृष्ठभुमि

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ । राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने संवैधानिक प्रावधान छ । संविधान बमोजिम संघको एकल अधिकार अनुसूचि ५ मा र साझा अधिकार अनुसूचि ७ र ९ मा, प्रदेशको एकल अधिकार अनुसूचि ६ मा र साझा अधिकार अनुसुचि ७ र ९ मा तथा स्थानीय तहको एकल अधिकार अनुसूचि ८ मा र साझा अधिकार अनुसूचि ९ मा उल्लेखित विषयमा निहित छ । धारा ५८ मा यस संविधान बमोजिम संघ, प्रदेश तथा स्थानीय तहको अधिकारको सूची वा साझा सूचीमा उल्लेख नभएको वा यो संविधानमा कुनै तहले प्रयोग गर्ने गरी नतोकिएको विषयमा संघको अधिकार हुने गरी अवशिष्ट अधिकार (Residual Right) को प्रयोग गर्ने अधिकार भने संघलाई प्रदान गरिएको छ । संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहको निर्वाचन सम्पन्न भए पश्चात नेपाल सरकारको मिति २०७४ साल माघ १० गतेको निर्णयानुसार कर्णाली प्रदेशमा सातवटा मन्त्रालयहरुको स्थापना गरिएको छ ।सातवटा मन्त्रालयहरुमध्येको आन्तरिक मामिला तथा कानून मन्त्रालय पनि एक हो । साविक शहरी विकास तथा भवन डिभिजनकार्यालय सुर्खेतको भवनमा मिति २०७४।१०।१९ गते स्थापना भई संचालनमा रहेको छ । यसको गठन प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसंस्थाको समन्वय र सहकार्य गर्ने मुख्य उद्देश्यका साथ यस मन्त्रालयको स्थापना भएको छ।

## १.२ दृष्टिकोण

* नागरिकको जीउ ज्यान, सम्पत्ति, स्वतन्त्रता र आधारभूत मानव अधिकारको संरक्षण एवं शान्त र सुरक्षित प्रदेश।

## १.३ लक्ष्य

* दिगो र भरपर्दो शान्ति सुरक्षा व्यवस्था, विपद् व्यवस्थापन, जोखिम न्यूनिकरण र सूचनाको प्रविधि विकास, नयाँ स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वय गर्ने मन्त्रालयको लक्ष्य रहेको छ ।

## १.४ कार्यजिम्मेवारी

**प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम आन्तरिक मामिला तथा कानून मन्त्रालयका कार्य जिम्मेवारी देहाय बमोजिम रहेको छः-**

१. प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथाकार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय रसहकार्य

२. अतिविशिष्ट व्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहकोसुरक्षा

३. संघीयर प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय

४. संघीयकानून बमोजिम प्रदेश प्रहरी संचालन, व्यवस्थापन र नियमन

५. प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना सङ्कलन, रोकथाम, नियन्त्रण तथा समन्वय

६. कानून, न्याय तथा प्रदेश सभा मामिला सम्बन्धी

७. प्रदेश सभामापेश हुने विधेयक तर्जुमा र प्रमाणीकरण सम्बन्धी

८. अन्तर्राष्ट्रियसीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन, विश्लेषण र उपयोग तथाअन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग

९. आधारभूतमानव अधिकारको संरक्षण,नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धनमा सहयोग

१०. प्रादेशिककारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारकोसंरक्षण र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरणसम्बन्धी

११. सामुदायिकप्रहरी

१२. प्रदेशभित्रकोसडक सुरक्षा र ट्राफिक व्यवस्थापन

१३. प्रदेशभित्रन्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन

१४. प्रदेशभित्रकागैरसरकारी संघ, संस्थाहरूको अभिलेख, समन्वय, अनुगमन तथा मूल्याङ्कन र नियमन

१५. गुनासो र विवाद व्यवस्थापन

१६. संघीयमापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन

१७. फौजदारीकार्यविधि कानूनको कार्यान्वयन

१८. अपराधतथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति

१९. निवारक नजरबन्द र स्थानहद सम्बन्धी

२०. अन्तरप्रदेशसम्बन्ध

२१. सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीतितथा कानून तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान

२२. स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वय

२३. पारिवारिकमामिला विवाह), सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, अभिभावकविहीन बालबालिका, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवारसम्बन्धी नीति (, कानून र मापदण्डतर्जुमा, कार्यान्वयन र नियमन

२४. विपदव्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना रसंचालन, स्थानीय विपद् कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथाअनुसन्धान, विपद् जोखिम क्षेत्र नक्शाङ्कन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन

२५. उपाधि,सम्मानतथा विभूषणको सिफारिस

२६. प्रदेशस्तरमासार्वजनिक बिदा, उत्सव, उर्दी आदिको व्यवस्थापन

२७. प्रदेशस्तरमादिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिकोउपचार र पुनर्स्थापना सम्बन्धी

२८. सत्यनिरुपणतथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्बन्धी

२९. प्रदेशस्तरको विद्युतीय संचार माध्यम सञ्चालन सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण

३०. प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन

३१. प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन

३२. प्रदेशभित्र टेलिसेन्टर संचालन, व्यवस्थापन र नियमन

३३. प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित संचार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन

३४. साइवर सुरक्षा अनुगमन

३५. छापासंचार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन

३६. प्रेससूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण

३७. श्रमजिवीसञ्चारकर्मीहरूको न्यूनतम पारिश्रमिक अनुगमन

३८. प्रदेशस्तरीयप्रेस रजिष्ट्रार सम्बन्धी

३९. केबुलवितरणको इजाजत, नवीकरण र नियमन

४०. सूचनाकोहक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन

४१. चलचित्र निर्माण, हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन

४२. प्रदेश सरकार अन्तर्गत रहेका सरकारी सवारी साधनको अभिलेख, नियन्त्रण, संरक्षण, व्यवस्थापन र समन्वय गर्ने

४३. अन्य कुनै पनि मन्त्रालयलाई गर्ने भनी स्पष्ट रुपमा नतोकिएको कार्य।

## १.५ संगठन संरचना र दरबन्दी तेरिजः

### १.५.१ संगठन संरचना



### १.५.२ दरबन्दी तेरिज र पदपूर्ति

| क्र.सं. | पद | सेवा | समूह | श्रेणी/तह | स्वीकृत दरबन्दी संख्या | रिक्त |
|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिव | प्रशासन | सामान्य प्रशासन | रा.प.प्रथम | १ | ० |
| २ | अधिकृत | प्रशासन | सामान्य प्रशासन | ९/१० | २ | २ |
| ३ | उपसचिव | न्याय | कानून | रा.प.द्वितीय | १ | ० |
| ४ | अधिकृत | ई/कम्प्यूटर | ईन्जिनियर | ९/१० | १ | १ |
| ५ | अधिकृत | प्रशासन | सामान्य प्रशासन | ७/८ | ६ | ६ |
| ६ | अधिकृत | प्रशासन | लेखा | ७/८ | १ | १ |
| ७ | कम्प्यूटर ईन्जिनियर | ई/क/ | कम्प्यूटर | ७/८ | १ | १ |
| ८ | तथ्यांक अधिकृत | आ.यो.त.त. | तथ्याङ्क | ७/८ | १ | १ |
| ९ | कानून अधिकृत | न्याय | कानून | रा.प.तृतीय | २ | ० |
| १० | सहायक/अधिकृत | प्रशासन | सामान्य प्रशासन | ५/६ | ७ | १ |
| ११ | कम्प्यूटर सहायक/अधिकृत | विविध | विविध | ५/६ | १ | ० |
| १२ | कम्प्युटर टेक्निसियन | विविध | विविध | ५/६ | १ | ० |
| १३ | कम्प्युटर सहायक | विविध | विविध | ४/५ | २ | २ |
| १४ | लेखा सहायक | प्रशासन | लेखा | ४/५ | १ | १ |
| १५ | ह.स.चा | श्रेणीविहिन | श्रेणिबिहिन | | ४ | ० |
| १६ | कार्यालय सहयोगी | श्रेणिबिहिन | श्रेणिबिहन | | ६ | ० |
| | **जम्मा** | | | | ३८ | १६ |

## १.६ मन्त्रालयसँग प्रत्यक्ष सम्बन्ध ऐन/कानूनहरु/निर्देशिका/कार्यविधि/मापदण्ड

| क्र.स. | नामको नाम | प्रमाणिकरण मिति |
|---|---|---|
| | ऐन | |
| १ | स्यानीय तहको पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धि ऐन, २०७७ | २०७७/०३/३० |
| २ | कर्णाली प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणिकरण ऐन, २०७५ | २०७५/०२/३० |
| ३ | कर्णाली प्रदेश सभाका पदाधिकारीको सेवा सुविधा सम्बन्धि ऐन, २०७५ | २०७५/०८/१० |
| ४ | जिल्ला सभा सञ्चालन ऐन, २०७५ | २०७५/०८/१० |
| ५ | गाउ सभा र नगरसभा सञ्चालन ऐन, २०७५ | २०७५/०८/१० |
| ६ | प्रदेश सभा सचिवलाय सम्बन्धी ऐन, २०७५ | २०७६/०८/०१ |
| ७ | कर्णाली प्रदेश प्रसारण ऐन, २०७५ | २०७६/०२/१४ |
| ८ | प्रदेश प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८० | प्रदेश सभामा पेश |
| | नियमावली | |
| १ | कर्णाली प्रदेश विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावली, २०७६ | २०७६/०७/१९ |
| २ | कर्णाली प्रदेश प्रसारण नियमावली, २०७६ | २०७६/११/०५ |

## कार्यविधि/मापदण्ड/ निर्देशिका

(१)राजपत्र सम्पादन तथा प्रकाशन सम्बन्धी कार्यविधि, २०७४
(२) विपद् जोखिम बीमा सम्बन्धी कार्यविधि, २०७६
(३) कानूनी सहायता सम्बन्धी कार्यविधि, २०७६
(४) सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०७८
(५) द्वन्द्व पीडित घाइते उपचार कार्यविधि, २०७८
(६) अपाङ्ग भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि, २०७८
(७) विपद् पीडित आवास निर्माण कार्यविधि, २०७९
(८)कोभिड-१९ बाट मृत्यु भएकालाई राहात वितरण कार्यविधि, २०७८

(९) कर्णाली प्रदेश विज्ञापन वितरण कार्यविधि, २०७८
(१०)कर्णाली प्रदेश विपद् साहासिक उद्धार पुरस्कार कार्यविधि, २०७९
(११)द्वन्द्व पीडित घाइते उपचार कार्यविधि, २०७९
(१२)सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०७९
(१३)अपाङ्ग भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि, २०७९
(१४)कर्णाली प्रदेश विज्ञापन वितरण कार्यविधि, २०७९
(१५)विपद् राहत वितरण मापदण्ड कार्यवधि, २०७९
(१६)विपद उदार साहासिक पुरस्कार वितरण कार्यविधि २०८०
(१७)पत्रकारिता पुरस्कार वितरण कार्यविधि २०८०

## १.७ मन्त्रालयका सचिव तथा अन्य कर्मचारी तथा शाखा महाशाखाको कार्यजिम्मेवारी

**१. सचिवको काम कर्तव्य र अधिकारः**

१. महाशाखाको वार्षिक कार्यक्रम तथा कार्ययोजना तयार गर्ने/गराउने,स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने/गराउने तथा सोको प्रगति अभिलेख अद्यावधिक राख्न लगाउने।
२. प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमको लागि पर्याप्त बजेट विनियोजन गर्ने गराउने।/
३. पुँजीगत खर्चमा वृद्धि गरी चालु प्रकृतिका खर्चमा मितव्ययिता कायम गर्ने/गराउने।
४. स्वीकृत बजेटको कार्यान्वयनमा सहयोग, थप निकासा, रकमान्तर, स्रोतान्तर सम्बन्धी कार्य गर्नेगराउने।/
५. मन्त्रालयको प्रशासनिक नेतृत्व गर्ने।
६. मन्त्रालयको आन्तरिक सुरक्षा एवम् व्यवस्थापन सम्बन्धी कार्य गर्ने गराउने।/
७. रिक्त पदको पदपूर्तिको लागि माग आकृति पठाउने सम्बन्धी विषयमा निर्णय गर्ने।
८. मन्त्रालयको चल अचल सम्पत्तिको अद्यावधिक विवरण व्यवस्थापन सम्बन्धी कार्य गर्ने गराउने।/
९. मन्त्रालय, अन्तर्गत कार्यालयहरू र समितिगराउने।/प्रतिष्ठानका बेरुजु फर्छ्यौट गर्ने/
१०. मन्त्रालयसँग सम्बन्धित सरकारी नीति एवम् आर्थिक अनुशासनसँग सम्बन्धित निर्देशन कार्यान्वयन गर्नेगराउने।/
११. विभिन्न निकायबाट आएकामन्त्रालयको क्षेत्राधिकारभित्रपर्ने विषयमा राय तथा परामर्श सम्बन्धी कार्य गर्ने गराउने।/
१२. ऐनलाई आफ्नो नामबाट राजपत्रमा प्रकाशन गर्ने/गराउने।
१३. मन्त्रालयबाट निर्माण भएका तथा अन्य मन्त्रालयबाट राजपत्रमा छाप्ने प्रयोजनका लागि अनुरोध भई आएका कानूनी दस्तावेजलाई राजपत्रमा प्रकाशन गर्ने/गराउने।
१४. मन्त्रालयसँग सम्बन्धित विधेयक तथा अन्य कानूनी दस्तावेजको मस्यौदा तयार गर्नेगराउने।/

१५. मन्त्रालय तथा विभिन्न मन्त्रालयबाट आएका विधेयकलाई प्रदेश सभामा दर्ता गर्ने/गराउने।

१६. मन्त्रालय तथा मातहतका कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने गराउने। /

१७. आर्थिक अनुशासन, पारदर्शिता र स्थायित्व कायम गरी वित्तीय उत्तरदायित्व प्रवर्द्धन गर्ने गराउने। /

१८. वित्तीय व्यवस्थापन सूचना प्रणालीको उपयोग गर्नेगराउने। /

२. **महाशाखा तथा शाखाको जिम्मेवारीः**

(क) **योजनातथामानव संसाधन विकास महाशाखा**

**१. मानव संसाधन विकास शाखा**

- मन्त्रालयको मूलदर्ता, चलानी, जनसम्पर्क तथा रिसेप्सन सम्बन्धी कार्य गर्ने,
- मन्त्रालयका कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने,
- मन्त्रालयकोमासिक, चौमासिक र वार्षिक प्रगती प्रतिवेदन तयार गर्ने,
- कर्मचारीहरुको कार्यविवरण, कार्यसम्पादनमूल्याङ्कन सम्बन्धी कार्य गर्ने,
- उपाधि, सम्मान तथा विभुषण सम्बन्धीकार्य गर्ने,
- स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वय गर्ने,
- सार्वजनिक विदा ,उत्सव र समारोह व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- नागरिक वडापत्र र गुनासो व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- कार्यालय व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

**२. योजना शाखा**

- वार्षिक बजेट सहितको कार्ययोजना र नीति तयार गर्ने,
- मन्त्रालयको वार्षिक तथा आवधिक योजना तर्जुमा गर्ने,
- योजना तथा कार्यक्रमको प्रगति तयार गरी समीक्षाको व्यवस्था गर्ने,
- विभिन्न योजना, कार्यक्रम, बजेट स्वीकृतिका लागि पेश गर्ने,
- योजना एवं कार्यक्रम स्वीकृत भएपछि सम्बन्धित महाशाखा/शाखालाई जानकारी गराउने,
- सवारी साधनको ब्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- सार्वजनिक खरिद ऐन नियम बमोजिमको खरिद कार्य गर्ने,
- योजना तथा वार्षिक कार्यक्रमको अनुगमन गरी समीक्षा गर्ने,
- अन्य शाखाहरुको सहकार्यमा मन्त्रालयको समग्र योजना सम्बन्धी सम्बन्धी सम्पूर्ण कार्य गर्ने।

**३. आर्थिक प्रशासन शाखा**

- मन्त्रालयको बार्षिक नीति तथा कार्यक्रम र बजेट तयारी सम्बन्धीकार्य गर्ने,

- चालु बजेट तथा पूँजीगत बजेट तयार गर्दा सम्बन्धी महाशाखा, शाखा तथा सचिवसँग समन्वय गरी बजेट तर्जुमा गर्ने,
- मन्त्रालयको बिनियोजित खर्च, राजस्व र धरौटीको लेखा परीक्षण, बेरुजुको सम्परीक्षण र बेरुजु फर्छ्यौट सम्बन्धी कार्य गर्ने,
- खरिद योजना, खर्चको अख्तियारी,तलबी प्रतिवेदन, रकम निकासा तथा रकमान्तर सम्बन्धी कार्य गर्ने,
- आर्थिक बिषयमा राय परामर्श उपलब्ध गराउने,
- मन्त्रालयको दैनिक आर्थिक प्रशासन संचालन सम्बन्धी कार्य गर्ने,
- आन्तरिक तथा अन्तिम लेखापरिक्षण सम्बन्धी कार्य गर्ने,

## (ख) <u>शान्ति सुरक्षा तथा विपद् व्यवस्थापन महाशाखा</u>

### १. शान्ति सुरक्षा शाखा

- प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धि कार्य गर्ने,
- अतिविशिष्ट व्यक्ति, भौतिक संरचना, संवेदनशिल सार्वजनिक स्थल तथा समारोहको सुरक्षा सम्बन्धी कार्य गर्ने,
- प्रदेश भित्रको सडकको सुरक्षा र ट्राफिक व्यवस्थापन कार्य गर्ने,
- संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन गर्ने,
- संघीय र प्रदेश सुरक्षा निकाय संगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय सम्बन्धी कार्य गर्ने,
- सामुदायिक प्रहरी सम्बन्धी कार्य गर्ने,
- अन्तर प्रदेश सुरक्षा सम्बन्धी कार्य गर्ने,
- सुरक्षा गतिविधिहरुको सूचनासंकलन, विश्लेषण सम्बन्धीकार्य गर्ने,
- प्रदेशमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनःस्थापना सम्बन्धी कार्य गर्ने।

### २. विपद् व्यवस्थापन शाखा

- विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य सम्बन्धी कार्य गर्ने,
- प्रादेशिक विपद् कोष स्थापना र संचालन, स्थानीय विपद् कोषमा सहयोग गर्ने,
- विपद् जोखिम क्षेत्र नक्शाङ्कन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने,
- विपद रोकथाम, पूर्व तयारी, प्रतिकार्य र पुनर्लाभिका लागि संघ, प्रदेश र स्थानीय तहका निकाय वीच समन्वय र सहकार्य सम्बन्धी कार्य गर्ने,

- विपद प्रभावितहरुलाई राहत प्रदान सम्बन्धी कार्य गर्ने,
- प्रदेशिक आपतकालीन गोदाम घरको ब्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- प्रदेशिक आपतकालीन कार्यसंचालन केन्द्र (PEOC) सम्बन्धी कार्य गर्ने,
- विपद तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्य गर्ने,
- विपद् व्यवस्थापन सम्बन्धी विविध कार्य गर्ने,

**(ग) <u>कानून महाशाखा</u>**

**१. कानून तर्जुमा तथा फैसला कार्यान्वयन शाखा**

- कानून न्याय तथा प्रदेश सभा मामिला सम्बन्धी कार्य गर्ने,
- प्रदेश सभामा पेश हुने विधेयक तर्जुमा र प्रमाणीकरण सम्बन्धी कार्य गर्ने,
- प्रदेश भित्र न्यायिक र अर्ध न्यायिक निकायले गरेका फैसला कार्यान्वयन गर्ने,
- ऐन, अध्यादेश, नियम, गठन आदेश मापदण्ड, कार्यविधि, निर्देशिका आदिका सम्वन्धमा सम्वन्धित मन्त्रालयलाई परामर्शएवंसहमति प्रदान गर्ने,
- प्रदेशलाई नयाँ कानून अवश्यक पर्ने नपर्ने सम्वन्धमा अध्ययन अनुसन्धान गर्ने तथा नयाँ ऐन निर्माण गर्नुपर्ने भएमा सो सम्वन्धमा सैद्धान्तिक सहमति प्रदान गर्ने,
- मन्त्रालय र अन्तर्गत आवश्यक कानूनी राय सल्लाह प्रदान गर्ने,
- प्रादेशिक नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन गर्ने,
- मन्त्रालयलाई विपक्ष बनाएका उजुरी तथा रिटहरुको लिखत जवाफ तयार गर्ने,
- ऐन, नियम, कार्यविधि, मापदण्ड तथा कानूनी दस्तावेजहरुको मस्यौदा तर्जुमा गर्ने,
- कानून प्रमाणिकरणका लागि पठाउनु पूर्व गर्नुपर्ने सम्पादन सम्बन्धी
- प्रदेशसभामा पेश हुने बिधेयक तर्जुमा सम्वन्धी कार्य गर्ने,
- प्रदेश राजपत्र सम्पादन तथा प्रकाशन र वितरण सम्बन्धी कार्य गर्ने,
- राजपत्र प्रकाशन सम्बन्धी कार्य गर्ने,
- कानूनसंग सम्बन्धित अन्य कार्य गर्ने।

**२. मानव अधिकार शाखा**

- मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धन गर्ने,
- प्रदेश भित्रको अपराध अनुसन्धान, सूचना संकलन, रोकथाम, नियन्त्रण तथा समन्वय गर्ने,
- फौजदारी कार्यविधि कानूनको कार्यान्वयन गर्ने,
- अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति सम्बन्धी कार्य गर्ने,
- निवारक नजरबन्द र स्थानहद सम्बन्धि कार्य गर्ने,

- सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति र जग्गा विवाद सम्बन्धी कार्य गर्ने,
- पारिवारीक मामिला सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने,
- प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरुको मानव अधिकार संरक्षण गर्ने,
- अन्तरप्रदेश अभियुक्त, थुनुवा वा कैदिको स्थानान्तरण सम्बन्धि कार्य गर्ने,

**(घ) <u>सूचना तथा संचार महाशाखा</u>**

**१. सूचना प्रविधि तथा तथ्याङ्क शाखा**

- प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन गर्ने,
- प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्द्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन गर्ने,
- छापासंचार , प्रदेश टेलिसेन्टर, साइवर सुरक्षा तथा प्रदेशस्तरका इन्टरनेट सेवा, वेभसाइट व्यवस्थापन, अनलाइनको व्यवस्थापन र नियमन सम्बन्धी कार्य गर्ने,

**२. सञ्चार शाखा**

- प्रदेशस्तरको विद्युतीय संचार माध्यम सञ्चालन सम्बन्धि नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमती, इजाजत वितरण र नवीकरण गर्ने,
- केबुल वितरणको इजाजत नवीकरण र नियमन गर्ने,
- चलचित्र निर्माण, हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन गर्ने,
- छापासञ्चार माध्यमको दर्ता अनुमती, आचारसंहिता निर्धारण र अनुमगन, सञ्चालन र नियमन गर्ने,
- प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण गर्ने,
- श्रमजिवी सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक सम्बन्धमा कार्य गर्ने,
- प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी कार्य गर्ने,

सूचनाको हक सम्बन्धि प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन गर्ने ।

# परिच्छेद -२

## नीति कार्यक्रम तथा बजेट वक्तव्य कार्यान्वयनको अवस्था

### २.१ नीति तथा कार्यक्रममा समावेश बुँदाहरुको कार्यान्वयन अवस्था

आर्थिक वर्ष २०८०/२०८१ को वार्षिक नीति तथा कार्यक्रमा यस मनत्रालय संग सम्बन्धित देहाएका विषयहरु समावेश भएका थिय जसको कार्यान्वयनको अवस्था देहायबमोजिम रहेको छ ।

| बुदा नं. | नीति तथा कार्यक्रममा समावेश भएको विषय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ८४ | संघ, स्थानीय तह र विकास साझेदारहरुसँगको समन्वय र सहकार्यमा कानून निर्माण न्यायिक समितिको क्षमता विकास कार्यक्रम एवम् मानव अधिकार समबन्धी सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिने छ । | • बजेट विनियोजन नभएको कारण कार्यान्वयन नभएको। |
| ८५ | डिजिटल कर्णालीको गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइने छ। प्रदेश सरकारको राजपत्र,बजेट,नीति तथा कार्यक्रम,योजना लगायतका आधिकारिक दस्तावेजहरु छपाइ तथा प्रकाशन गर्नका लागि छापाखाना स्थापना गरिने छ। | • डिजिटल कर्णालीको गुरुयोजनाको लागि डिजिटल कर्णाली कन्क्लेभ आयोजना गरिएको।<br>• बजेट विनियोजन नभएका कारण छापाखाना स्थापना नगरिएको। |
| ८६ | कारागारमा रहेका बन्दीहरुलाई मनो समाजिक परामर्श सेवाको साथै पुस्तकालय,समयसापेक्ष सीप तथा उधम विकास,खेलकुद,संगीत ध्यान,योग जस्ता अतिरिक्त क्रियाकलाप सञ्चालनमा ल्याइने छ।खुला कारागार निर्माण र कारागारहरुको पूर्वाधार सुधार गर्न संघीय सरकारसंग समन्वय गरिने छ। | • मनोसामाजिकपरामर्श कार्यक्रम दैलेख जिल्लाको सदरमुकाम र सल्यान जिल्लाको खलंगामा सञ्चालन गरिएको।<br>• कारागार निर्माण र कारागारहरुको पूर्वाधार सुधार कार्यको लागि बजेट विनियोजन नभएको। |
| ८७ | कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धी कानून निर्माण गरी कार्यानवयनमा ल्याइने छ।प्रदेश भित्र अपराध नियन्त्रण,सडक सुरक्षा,सवारी साधनहरुको व्यवस्थित तथ्याङ्क तथा चेक जाँच गर्न एवम् ट्राफिक व्यवस्थापन सम्बन्धी कार्यलाई थप प्रभवाकारी बनाउन प्रदेशका मुख्य सीमा नाकामा डिजीटल गेट र प्रदेश राजधानी वीरेन्द्रनगर लगायतका जिल्ला | • नेपाल प्रहरी विशेष सुरक्षा गण (हाल नेपालगञ्ज) लाई गुर्भाकोट नगरपालिकामा स्थान्तरणका लागि १ करोड ९१ लाख २९ हजार रकम प्रदेश प्रहरी कार्यालयलाई अख्तियारी प्रदान गरिएको।<br>• कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक कर्णाली प्रदेश सभामा पेश भएको।<br>• डिजिटल गेटको कार्यक्रम सञ्चालन नभएको। |

| | | |
|---|---|---|
| | सदरमुकामका बजार क्षेत्रमा सि.सि.टि.भि. जडान सहित कर्णाली प्रदेश सुरक्षा योजना कार्यान्वयनमा ल्याइने छ। नेपालगञ्जमा रहेका कर्णाली प्रदेशका प्रदेशस्तरीय प्रहरी कार्यालयहरुलाई प्रदेश भित्र स्थापना गर्न आवश्यक व्यवस्था गरिने छ। नेपाल प्रहरीको प्रदेश तालिम केन्द्रालाई चौरजहारीमा स्थापना गरिने छ । | |
| ८८ | कर्णाली प्रदेशमा दर्ता भईसञ्चालनमा रहेका आमसञ्चार माध्यमबाट एकद्धार प्रणालीमार्फत जनहितमा जारी गरिने लोककल्याणकारी विज्ञापनहरु समानुपालिक रुपमा वितरण गरिनेछ। छापा तथा अनलाइन सञ्चार माध्यमको दर्ता,अनुमति,नियमन र चलचित्र निर्माण,हल सञ्चालन तथा प्रदर्शन अनुमति तथा नियमनका लागि आवश्यक कानून निर्माण गरिने छ। पत्रकार कल्याणकोषमा योगदान,मिडिया विकास अनुदान,व्यवसायिक दक्षता विकास र पत्रकारिता तथा आमसञ्चार विषयमा विद्यावाधिको लागि छात्रवृति लगायतका कार्यक्रमलाई निरन्तरता दिइनेछ। | • कर्णाली प्रदेश भित्रका ७८ वटासञ्चार माध्यमलाई उनन्पचास लाख रुपैयाँको विज्ञापन वितरण गरिएको।<br>• पत्रकार कल्याण कोषमा अनुदान बापत पाँच लाख रुपैयाँ प्रदान गरिएकोर हालसम्म प्रदेश सरकारबाट २५ लाख रकम उक्त कोषमा प्रदान गरिएको।<br>• प्रदेशका फोटो पत्रकार र पत्रकारहरुको व्यवसायिक क्षमता अभिवृद्धिका लागि ७० जना पत्रकार लाभान्वित हुने गरी २ वटा तालिम सञ्चालन गरिएको। |
| ८९ | स्थानीय तह,सुरक्षा निकाय राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्था र निजी क्षेत्रसँगको समन्वय तथा सहकार्यमा विपद् जोखिम न्यूनीकरणका लागि विपद प्रतिकार्य योजना निर्माण,कार्यान्वयन तथा व्यवस्थापनको कार्यलाई प्रभवावकारी बनाइने छ। विपद् संवेदनशील क्षेत्रमा विपद् सूचना प्रणाली जडान तथा व्यवस्थापन गरी निगरानी केन्द्र स्थापना गरिने छ। जल तथा मौसम पूर्वानुमान तथा पूर्वसूचना प्रणालीलाइ थप विश्वसनीय र भरपर्दो बनाइने छ। विपद् व्यवस्थापनको क्षेत्रमा साहसिक तथा उदाहरणीय कार्य गर्ने व्यक्तिलाइ पुरस्कृत गरिनेछ। सम्पूर्ण | • विपद्का जोखिम सामुहिक दुर्घटना बीमा लागि राष्ट्रिय बीमा कम्पनीसँग सम्झौता गरी रु१ करोड ६५ लाख . बिमा गरिएको।<br>• जल तथा मौसम विज्ञान विभागको समन्वयमा विपद् सँग सम्बन्धित पूर्व सूचना प्रणाली व्यवस्थापन कार्यक्रमका सम्पन्न भएको।<br>• १० लाख रुपैयाँ लागतमा सुर्खेतको जामु कुइने दैलेखको रातानाङ्लामा पूर्ण सूचना सम्बन्धी स्वचालित उपकरण जडान गरिएको । |

| | | |
|---|---|---|
| | कर्णालीवासी,रास्ट्रसेवक र गैरसरकारी संघ सस्थामा कार्यरत कर्मचारीको सामूहिक विपद्जोखिम दुर्घटना बीमा कार्यक्रमलाई निरन्तरता दिइने छ। दुर्गम पिछडिएका क्षेत्र तथा न्यून आय भएका नागरिककालागि विपद्वाट पूर्णरुपमा क्षति भएका घरहरुको लागि लघु बीमा कार्यक्रम लागु गरिने छ। | |
| ९० | जनआन्दोलन जनयुद्ध र कर्णाली प्रदेश प्राप्तिको आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्ने सहिद तथा बेपत्ता भएका व्यक्तिको परिवार,घाइते र अपाङ्गता भएका व्यक्तिको निःशुल्क स्वास्थ्य उपचार,सीप विकास,संरक्षण तथा पुनःस्थापनाका साथै सहिद स्मृति भत्ता र घाइते अपाङ्गता भएका व्यक्तिहरुको जीवन निर्वाहभत्ता उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ। द्बन्द्बपीडित,सहिद परिवार,असहाय,अनाथ,विकट हिमाली क्षेत्रका विपन्न र आर्थिक समामजिक रुपमा सीमान्तकृत बालबालिकाहरुलाई सुगम क्षेत्रको सार्वजनिक विद्यालयसँग सहकार्य गरी नियमित पठनपाठनको व्यवस्था मिलाइनेछ। छिमेकी प्रदेशको सहकार्यमा घाइते अपाङ्गहरुको लागि पुनस्थापना केन्द्रको स्थापना गरिने छ । | • सहिद स्मृति भत्ता र घाइते अपाङ्गता भएका व्यक्तिलाई जिवन निर्वाह विशेष भत्ता ७१ वटा स्थानीय तहमा वितरण भएको छ। सहिद तर्फ २२८५ जनालाई रु ५ करोड ४८ लाख ४० हजार रघाइते तर्फ १६९३ जनालाई रु ४ करोड ६ लाख ३२ हजारसम्बन्धित स्थानीयतह मार्फत् भत्तावितरण गरिएको छ। |

## २.२ बजेटवक्तव्यमा समावेश बुँदाहरुको कार्यान्वयन अवस्था

| बुदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १७८ | प्रदेशमा शान्ति, सुरक्षा र सुव्यवस्थालाई प्रभावकारी बनाउन आवश्यक नीति, कानुन तथा मापदण्डको तर्जुमा तथा समाधानुकूल परिमार्जन गरिनेछ। | • कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक कर्णाली प्रदेश सभामा पेश भएको। |
| १७९ | नागरिकको आधारभुत मानव अधिकारको संरक्षण, संविधान प्रदत्त मौलिक हकको प्रत्याभूति तथा नागरिक स्वतन्त्रता रक्षाको लागि आवश्यक कानुनी तया संस्थागत व्यवस्था गरिनेछ। | • बजेट विनियोजन नभएको कारण कार्यक्रम कार्यान्वयन हुन नसकेको। |
| १८० | मानव अधिकारका सर्वमान्य मूल्यमान्यतालाई आत्मसात् गर्दै मानव अधिकार संरक्षण र प्रवर्द्धनका कार्यक्रमलाई निरन्तरता दिएको छु। | • बजेट विनियोजन नभएको कारण कार्यक्रम कार्यान्वयन हुन नसकेको। |
| १८१ | स्थानीय तहको कानुन निर्माणमा आवश्यक सहयोग तथा सहजीकरण गरिनेछ। प्रदेश र स्थानीय तहका कानुनको एकीकृत विद्युतीय अभिलेखीकरण गर्ने व्यवस्था मिलाइने छ। | • स्थानीय तहको कानुन निर्माणमा आवश्यकसहजीकरण भएको।<br>• प्रदेश र स्थानीय तहका कानुनको एकीकृत विद्युतीय अभिलेखीकरणका लागि सबै स्थानीय तहसँग कानूनको विवरण माग भएको। |
| १८२ | प्रत्येक नागरिकलाई नागरिक शिक्षा तथा चेतनाको विकास गर्न आवश्यक कानुन निर्माण र मौजुदा कानुनको प्रभावकारी कार्यान्वयनका लागि कानुनी साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ। विपन्न र हिंसामा परेका पीडितहरूलाई न्यायमा पहुँच वृद्धि गर्न निःशुल्क कानुनी सहायता प्रदान गर्ने व्यवस्था मिनाएको छु। | • बजेट विनियोजन नभएको कारण कार्यक्रम कार्यान्वयन हुन नसकेको। |
| १८३ | प्रदेश प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन र नियमन गरी प्रहरी सेवालाई सुदृढ्ढ, सक्षम र व्यावसायिक बनाउन कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरी कार्यान्वयनमा ल्याईनेछ। प्रदेश बाहिर रहेको प्रदेश प्रहरी तालिम केन्द्रलाई कर्णाली प्रदेश भित्र | • कर्णाली प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक कर्णाली प्रदेश सभामा दर्ता भई यथाअवस्थामा रहेको।<br>• नेपाल प्रहरी विशेष सुरक्षा गण (हाल नेपालगञ्ज) लाई गुर्भाकोट |

| | | |
|---|---|---|
| | स्थानान्तरण गरिनेछ । | नगरपालिकामा स्थान्तरणका लागि १ करोड ९१ लाख २९ हजार रकम प्रदेश प्रहरी कार्यालयलाई अख्तियारी प्रदान गरिएको। |
| १८४ | जनआन्दोलन, सशस्व सङ्घर्ष र प्रदेश स्थापनाका लागि भएका आन्दोलनका सहिद तथा वेपत्ता परिवार, घाइते अपाङ्ग भएका व्यक्तिहरूलाई निशुल्क स्वास्थ्य उपचारको व्यवस्था तथा आन्दोलनका क्रममा घाइते अपाङ्ग भएका व्यक्तिहरूलाई जीवन निर्वाह भत्ता र न्यूनतम जीविकोपार्जन एवम् सम्मानका लागि सहिदका आमाबुवाको पहिलो हकाधिकार हुने गरी परिवारलाई सहिद स्मृति भत्ता उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिएको छु। | • सहिद स्मृति भत्ता र घाइते अपाङ्गता भएका व्यक्तिलाई जिवन निर्वाह विशेष भत्ता ७१ वटा स्थानीय तहमा वितरण भएको छ।<br>• सहिद तर्फ २२८५ जनालाई रु ५ करोड ४८ लाख ४० हजार रघाइते तर्फ १६९३ जनालाई चार करोड ६ लाख बत्तीस हजार रकम सम्बन्धित स्थानीयतह मार्फत् वितरण गरिएको छ।<br>• घाइते अपाङ्ग भएका व्यक्तिहरूलाई निशुल्क स्वास्थ्य उपचारको लागि कार्यविधि निर्माण गरी प्रदेश अस्पताल सुर्खेत सँग पन्ध्र लाख रुपैयाँसम्झौता गरी १०२ जना घाइतेको उपचार भएको। |
| १८५ | स्थानीय तह, समुदाय तथा सरोकारवालासँगको साझेदारीमा मानव बेचबिखन, घरेलु हिंसा, लागुऔषध, मदिरा एवम् सुर्तिजन्य पदार्थको दुर्व्यसनी जस्ता समाजमा रहेका विसङ्गति र सबै प्रकारका विभेदको अन्त्य गर्न आवश्यक निगरानी तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। | • सुर्खेत जिल्लाका विभिन्न ४ स्थानमा मर्यादित यातायात सेवाका लागि ट्राफिक सचेतना कार्यक्रम सम्पन्न भएको।<br>• डोल्पा, रुकुम पश्चिम, जाजरकोट, दैलेख, सुर्खेत, सल्यान जिल्लामा लागूऔषध दुर्व्यसनी सम्बन्धी७ वटा सचेतना कार्यक्रम सम्पन्न भएको।<br>• |
| १८६ | कारागारमा रहेका कैदीबन्दीहरूलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। खुला कारागार अवधारणालाई अगाडि बढाइनेछ। | • कारागारमा रहेका कैदिबन्दीलाई मनोसामाजिक परामर्श कार्यक्रम दैलेख, सुर्खेत, र सल्यान जिल्लामा सम्पन्न गरिएको। |
| १८७ | विपद् व्यवस्थापनका कार्यक्रमलाई एकीकृत गरी जोखिम न्यूनीकरण तथा रोकथामका उपाय अवलम्बन गरिनेछ। संघीय सरकारसँगको सहकार्यमा विपद्को समयमा तत्काल उद्धार गर्न | • माननीय मुख्यमन्त्री तथा मन्त्रीज्यूहरुबाट भूकम्प प्रभावित स्थानको प्रत्यक्ष अनुगमन भई राहत वितरण र यससँग सम्बन्धित कार्यको नेतृत्व र आवश्यक |

| | | |
|---|---|---|
| | आवश्यक जनशक्तिको क्षमता विकास गरिनेछ। | समन्वय भएको । |
| १८८ | विपद् पूर्वतयारी खोज, राहत र पुनर्स्थापनामा स्थानीय समुदायको सहभागिता अभिवृद्धि गर्न स्वयंसेवी रूपमा सहभागी हुन युवाहरूलाई उत्प्रेरित गरिनेछ । विपद् व्यवस्थापनको क्षेत्रमा साहसिक तथा उदाहरणीय कार्य गर्ने व्यक्तिलाई पुरस्कृत गरिनेछ। | • रेडक्रस सँग समन्वय गरी दैलेख जिल्लाको राकममा माननीय मन्त्रीज्यूको उपस्थितिमा विपद् पूर्वतयारी खोज, राहत र पुनर्स्थापनामा स्थानीय युवाहरुलाई स्वयंमसेवक तालिम प्रदान गरिएको।<br>• विपद् साहसिक पुरस्कारको लागि सबै जिल्लास्थित नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, जिल्ला प्रशासन कार्यालयमा विवरण माग गरिएको तर समय अभावका कारण पुरस्कार वितरण नगरिएको। |
| १८९ | कर्णाली प्रदेशमा हुन सक्ने विपद्को पूर्वतयारी, खोज तथा उद्दार, राहत वितरण र पुनर्स्थापना र पुननिर्माण कार्यलाई समन्वयात्मक रुपमा अगाडि बढाउन विपद् व्यवस्थापन कोषलाई निरन्तरता दिएको छु। विपद् सम्बन्धी तथ्याङ्कहरु एकीकृत रुपमा सङ्कलन गर्ने प्रणालीको विकास गरिनेछ। | • कर्णाली प्रदेश विपद् व्यवस्थापन कोषमा पाँच करोड रुपैयाँ जम्मा गरिएको।<br>• विपद् सम्बन्धी तथ्याङ्कहरु प्रत्येक जिल्लास्थित DEOC बाट मन्त्रालय परिसरमा रहेको PEOC मा सम्प्रेषण गर्ने गरिएको। |
| १९० | विकास साझेदारहरूसँगको साझेदारी र समन्वयमा प्रदेशको विपद् जोखिम नक्साङ्कन गरिनेछ। विपद् पूर्व सूचना प्रणालीलाई व्यवस्थित गर्न जानकारीमूलक सन्देश सम्प्रेषण गरी विपद्लाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न प्रदेशका सबै सरकारी कार्यालयका साईनबोर्डमा जि.पि.एस. लोकेशन राख्न पहल गरिनेछ। | • जल तथा मौसम विज्ञान विभागको समन्वयमा विपद्सँग सम्बन्धित पूर्व सूचना प्रणाली व्यवस्थापन कार्यक्रम सम्पन्न भएको।<br>• दश लाख रुपैयाँ लागतमा सुर्खेतको जामु कुइने र दैलेखको रातानाङ्लामा पूर्ण सूचना सम्बन्धी स्वचालित उपकरण जडान गरिएको।<br>• सबै सरकारी कार्यालयका साईनबोर्डमा जि.पि.एस. लोकेशन प्रणाली जडान गर्न कार्यविधि निर्माणको कार्य अगाडी बढाइएको। |
| १९१ | सम्पूर्ण कर्णालीवासी, राष्ट्रसेवक र गैरसरकारी सङ्घसंस्थामा कार्यरत कर्मचारीको सामूहिक विपद् जोखिम दुर्घटना बिमा कार्यक्रमलाई निरन्तरता दिएको छु। | • कर्णाली प्रदेशभित्र रहेका सत्र लाख मानिसहरुको विपद् जोखिम सामुहिक दुर्घटना बीमा वापत राष्ट्रिय बीमा कम्पनीसँग एक करोड पैसँठी लाख |

| | | |
|---|---|---|
| | | रुपैयाँ बराबरको रकमको वीमा सम्झौता गरिएको।<br>• उक्त वीमा कार्यक्रमबाट जाजरकोट भुकम्पमा परी मृत्यू भएका १५२ जनालाई प्रतिव्यक्ति दुई लाख रुपैयाँका दरले तीन करोडचार लाख रकम भुक्तानी गरिएको र बाकीं दुई जना मृतककोरकम भुक्तानी प्रक्रियामा रहेको ।<br>• भुकम्प लगायत अन्य विपद्मा मरी मृत्यू भएका २६ जनालाई प्रति व्यक्ति रु२ . .लाखका दरले रु५२ लाख रकम भुक्तानी गरिएको। |
| १९२ | आगामी आर्थिक वर्षदेखि विपद्बाट हुन सक्ने सम्भावित जोखिम हस्तान्तरण गर्न सरकारी विमा कम्पनी मार्फत कर्णाली प्रदेशभित्रका घरहरूको बिमा गरिनेछ। यसका लागि रू. ५ करोड विनियोजन गरेको छु। | • बीमा गर्ने कम्पनीहरुले घर बीमा गर्न नसक्ने जानकारी दिएका कारण कार्यक्रम सञ्चालन नभएको। |
